# गुठीलाई संरचनागत सहयोग कार्यक्रम सञ्चालन विधि, २०७६

**प्रस्तावनाः** प्रदेश नं. ५ भित्र रहेका गुठीको सम्पत्ति संरक्षण र धर्म संस्कृति परम्पराको जगेर्ना गर्दै भौतिक संरचना निर्माणमा सहयोग गरी गुठीहरुलाई उत्पादनमूलक तथा आयमूलक कार्यमा प्रोत्साहन गरी गुठीहरुको आम्दानी तथा क्षमता अभिबृद्धि गराई आत्मनिर्भर बनाउने तथा पर्यटन प्रवर्धन गर्ने उद्देश्यले,

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम गुठीलाई संरचनात्मक सहयोग कार्यक्रमलाई कार्यन्वयन गर्न प्रदेश नं. ५, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले "गुठीलाई संरचनागत सहयोग कार्यक्रम सञ्चालन विधि, २०७६" स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यक्रम सञ्चालन विधिको नाम "गुठीलाई संरचनागत सहयोग सम्बन्धी विधि,२०७६" रहेको छ।

(२) यो कार्यक्रम सञ्चालन विधि तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो कार्यक्रम सञ्चालन विधि प्रदेश नं. ५ भर लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यक्रम सञ्चालन विधिमाः-

(क) "गुठी" भन्नाले कुनै मठ वा देवी देवताको पर्व, पूजा वा जात्रा चलाउन वा कुनै धार्मिक वा परोपकारी कामका लागि कुनै मन्दिर, देवस्थल, धर्मशाला, पाटी-पौवा, इनार, पोखरी, तलाउ, धारा, पियाउ, बाटो, घाट, पुल, चौतारा, गौचरन, बाग बगैचा, जङ्गल, पुस्तकालय, पाठशाला, औषधालय, चिकित्सालय घर, इमारत वा संस्था बनाउने, चलाउन वा त्यसको संरक्षण गर्न कुनै दाताले आफ्नो चल अचल सम्पत्ति वा आयस्ता आउने अरु कुनै सम्पत्ति वा रकममा आफ्नो हक छाडी राखेको गुठी समेतलाई सम्झनु पर्छ ।

(ख) "गुठीयार" भन्नाले छुट गुठी वा निजी गुठीका दाता वा दाताका हकवाला गुठी चलाउन वा गुठीको शेष कसर खान पाउने हक भएका व्यक्ति र त्यस्ता गुठीको सालबसाली दरबन्दीको महन्त र पुजारीलाई सम्झनु पर्छ।

(ग) "छुटगुठी" भन्नाले आयस्ताबाट गुठीको पूजा, पर्व इत्यादि दानपत्र लिखत बमोजिमको काम चलाई बाँकी रहेको गुठीको शेष कसर वा सलामीसम्म राजगुठीमा बुझाउने गरी

वा गुठी चलाउनेले नै शेष खाने गरी गुठी संस्थान ऐन, २०२१ प्रारम्भ हुनु अगावै सरकारी गुठी लगतमा गुठी दर्ता गराई वा दर्ता गराउनु पर्ने गरी त्यस्तो गुठी जग्गाको नेपाल सरकारमा बुझाउनु पर्ने मालपोत वा तिरो बुझाउनु नपर्ने गराई र गुठीको दर्ता गुठीयारले नै गुठी चलाउन पाउने गरी छुट पाएको गुठीलाई सम्झनु पर्छ।

(घ) "निजी गुठी" भन्नाले राजगुठी र छुट गुठी बाहेकको दुनियाँको निजी गुठी सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले प्रदेश नं. ५ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(च) "राजगुठी" भन्नाले गुठी संस्थान ऐन, २०३३ प्रारम्भ हुँदाको अवस्थामा गुठी संस्थानको हक दायित्व भई गुठी संस्थानले बन्दोबस्त र सञ्चालन गरी आएको राजगुठी सम्झनु पर्छ ।

(छ) "संरचनागत सहयोग" भन्नाले उत्पादनमुलक, रोजगारी बढाउने, गुठीको सुरक्षा प्रदान गर्ने, संस्कृति सरंक्षण गर्ने खालको संरचना निर्माण तथा मठ, मन्दिर निर्माण/ पुर्ननिर्माण गर्नका लागि सहयोग सम्झनु पर्छ।

(ज) "स्थानीय तह" भन्नाले सम्बन्धित गाउँपालिका वा नगरपालिका वा उप-महानगरपालिका वा महा-नगरपालिकालाई सम्झनु पर्छ।

३. <u>उद्देश्यः</u> यस कार्यक्रमका उद्देश्यका देहाय बमोजिम रहेका छन्ः-

(क) प्रदेश नं. ५ भित्र रहेका गुठीहरुलाई उत्पादनमूलक, आयमूलक कार्यमा सहयोग पुऱ्याउनका लागि आवश्यक भौतिक संरचना निर्माण गर्न सहयोग गर्ने,

(ख) प्रदेश भित्र रहेका गुठीहरुलाई सहयोग पश्चात् आर्थिक क्षमता विकास गर्ने,

(ग) संरचनागत सहयोग पश्चात स्थानीय तहमा रोजगारी सिर्जना गर्ने,

(घ) गुठीहरुको आम्दानी वृद्धि गर्ने,

(ङ) गुठीयारहरुको क्षमता विकास गर्ने,

(च) गुठीको सुरक्षाका लागि भौतिक संरचना निर्माण गर्ने,

(छ) मठ, मन्दिर, गुम्बा, धर्मशाला, बाग बगैंचा, तलाउ निर्माण, पुनःनिर्माण गर्ने,

(ज) धर्म, संस्कृतिको संरक्षण गर्ने र पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन विधि

४. **सूचना प्रकाशन तथा प्रस्ताव आव्हानः** यस कार्यक्रमको मापदण्ड अनुसार योग्यता पुगेका गुठीहरुलाई प्रस्ताव पेश गर्नका लागि राष्ट्रिय दैनिक पत्रिकामा अनुसूची-२ को ढाँचामा देहायका विवरण खुलाई ३० दिनको सूचना प्रकाशित गरिनेछ :-

(क) संरचनागत सहयोगको रकम,

(ख) प्रस्ताव साथ आवेदन पेश गरी सक्नु पर्ने समयावधि,

(ग) लागत साझेदारी रकमको प्रतिशत,

(घ) आवेदन दिदाँ चाहिने आवश्यक कागजात पाउने ठेगाना।

५. **अनुदान सम्बन्धी व्यवस्थाः** (१) यस प्रदेशभित्र रहेका गुठीहरुलाई देहाय बमोजिमको कार्यक्रमहरुमा संरचना निर्माण गर्न अनुदान सहयोग प्रदान गरिनेछ :-

(क) गुठी अवस्थित रहेका जग्गा वा गुठीको स्वामीत्व रहेको जग्गामा व्यावसायिक घर, पसल, टहरा बनाइ गुठीको प्रतिष्ठा, धार्मिक, सांस्कृतिक आस्थामा आँच नपुऱ्याउने गरी व्यवसाय गर्न बहालमा दिने,

(ख) गुठीको जग्गामा हाट, मेला वा बजार सञ्चालन गर्न संरचना निर्माण गर्ने,

(ग) गुठीबाट उत्पादनमूलक, रोजगारीमूलक काम, कार्यक्रम सञ्चालन गर्न संरचना निर्माण गर्ने,

(घ) गुठीको सुरक्षाका लागि भौतिक संरचना निर्माण गर्ने,

(ङ) गुठीले आफ्नै पहलमा निर्माण गरिरहेको संरचनामा मन्त्रालयको अनुगमन टोलीले सहयोग गर्न उचित ठहऱ्याएमा उक्त संरचना निर्माणमा लाग्ने खर्चका लागि पनि

गुठीसँगको समझदारीमा भौतिक संरचना निर्माणमा सहयोग गर्न सक्नेछ।

(२) संरचना निर्माणमा लाग्ने स्वीकृत कार्ययोजना अनुसार बढीमा ५० प्रतिशत अनुदान रकम सहयोग गर्न सकिनेछ।

(३) गुठीले लगानी गर्नुपर्ने रकम स्थानीय तह, सम्बन्धित गुठी, गुठी संस्थान वा अन्य निकायको साझेदारीमा गर्न सक्नेछ ।

(४) अनुदान प्राप्त गुठीले भौतिक संरचना निर्माण गर्दा गुठी सञ्चालक समितिको निर्णय अनुसार वा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा भएको व्यवस्था अनुसार गर्नु पर्नेछ।

(५) अनुदानग्राहीलाइ अनुदान रकमको भुक्तानी प्रक्रिया निम्न अनुसार हुनेछ :-

| क्र.स. | कार्य प्रगति | भुक्तानी गरिने रकम | किस्ता |
|---|---|---|---|
| १. | ४० प्रतिशत निर्माण कार्यसम्पन्न भएपछि | सम्झौता रकमको ३० प्रतिशत हुन आउने रकम | पहिलो |
| २. | ८० प्रतिशत निर्माण कार्यसम्पन्न भएपछि | सम्झौता रकमको ६० प्रतिशत हुने आउने रकम | दोस्रो |
| ३. | निर्माण कार्य पूर्ण रुपमा सम्पन्न भएपछि | बाँकी रकम | तेस्रो |

(६) मन्त्रालय तथा मातहतको निकायबाट खटिने प्राविधिक सहितको अनुगमन टोलीले भौतिक संरचना निर्माणको भौतिक तथा प्राविधिक कार्यप्रगति प्रतिवेदन तयार गरी भुक्तानीको लागि सिफारिस गर्नेछ।

६. <u>आवेदन</u>: कार्यक्रम सञ्चालनका लागि देहायका आधारमा आवेदन दिन सकिनेछ :-

(क) अनुसूची-४ बमोजिमको ढाँचामा व्यावसायिक योजना सहितको प्रस्ताव तयार गरी अनुदान प्राप्तिका लागि यस

प्रदेश भित्रका गुठीले अनुसूची-३ बमोजिमको ढाँचामा आवेदन दिन सक्नेछन्।

(ख) आवेदनका साथ आफुले गर्न लागेको संरचना निर्माण कार्यको निर्णय गुठीको सञ्चालक समिति वा गुठीको प्रमुख मठाधीसबाट गराई उक्त संरचना निर्माणको कार्ययोजना प्रस्तावसाथ पेश गर्नु पर्नेछ।

(ग) आवेदक गुठीले अनुसूची-१ बमोजिमको आवश्यक कागजातहरु पेश गर्नु पर्नेछ।

(घ) आवेदनका साथ सञ्चालक समितिको अध्यक्ष/मठाधिस तथा सञ्चालक समितिको सदस्यहरुको व्यक्तिगत विवरण एवम् अनुसूची-५ बमोजिमको ढाँचामा प्रतिवद्धता-पत्र पेश गर्नु पर्नेछ।

(ङ) आवेदकले आफूले निर्माण गर्ने भौतिक संरचनाको ईन्जिनियरिङ्ग डिजाईन लागत अनुमान, कार्ययोजना, निर्माण प्रक्रियाको ढाँचा, सुपरीवेक्षणको ढाँचा, नक्सा र इष्टिमेट (Estimate) सम्बन्धी कागजात स्पष्ट रुपमा पेश गर्नु पर्नेछ।

(च) भौतिक संरचना निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्रीको छनौट गर्दा स्थानीय स्तरमा उपलब्ध निर्माण सामग्रीलाई प्राथमिकता दिनु पर्नेछ तर गुठीको सांस्कृतिक धार्मिक महत्वमा नकरात्मक असर नपुऱ्याउने हुनु पर्नेछ।

७. <u>गुठीको छनौट</u>ः (१) अनुदानग्राही गुठीहरुको छनौट देहायका आधारमा गरिनेछः-

(क) यस प्रदेश भित्र रहेको निजी गुठी बाहेकका गुठीहरुले यस कार्यक्रमको लागि प्रस्ताव पेश गर्न सक्नेछन्।

(ख) प्रस्ताव पेश गर्ने गुठीहरुको प्रस्तावमा उत्पादनमूलक, रोजगारमूलक, आय वृद्धी गर्ने, सुरक्षा प्रदान गर्ने संरचना निर्माण गर्ने विषय उल्लेख भएको हुनु पर्नेछ।

(ग) प्राप्त प्रस्तावहरुलाई मन्त्रालयबाट गठन हुने मूल्याङ्कन समितिले अनुसुची-८ बमोजिम मूल्याङ्कन गर्नु पर्नेछ। कार्यालयले आवश्यकता महसुस गरेमा प्रस्तावकलाई थप

कागजात, विवरण तथा योजना पेश गर्न लगाउन सक्नेछ।

(घ) प्राप्त आवेदनका आधारमा न्यूनतम आधारहरु पूरा गरेका पहिलो चरणमा प्रारम्भिक छनौटमा परेका गुठीलाई आफूले पेश गरेको योजनाको प्रस्तुतिका लागि मूल्याङ्कन समितिले बोलाउन सक्नेछ।

(ङ) गुठी छनौट गर्दा गुठीको कार्यक्षेत्र, सञ्चालक समिति/मठाधीस र अन्य साझेदारी निकायको प्रतिवद्धता-पत्र, गुठीको मौज्दात रकम, कार्य योजना, मौजुदा जनशक्ती, भौगोलिक उपयुक्तता, गुठीको सामाजिक तथा ऐतिहासिक महत्व, वार्षिक प्रतिवेदन, आदिलाई आधार बनाईनेछ।

(च) न्यूनतम योग्यता पूरा गरी कार्यक्रम सञ्चालनका लागि प्रारम्भिक छनौटमा परेका सम्भावित गुठीहरुको स्थलगत अनुगमन कार्य मूल्याङ्कन समितिले खटाएको टोलीले गर्नेछ।

(छ) प्रस्तावमा उल्लेखित विवरण र अनुसूची-६ बमोजिमको स्थलगत अनुगमनको प्रतिवेदनको आधारमा मूल्याङ्कन समितिले गुठीहरुको अन्तिम छनौटको लागि मन्त्रालयमा सिफारिस गर्नेछ।

(२) अनुगमनको क्रममा प्रस्तावमा पेश गरिएका विवरण झुठो ठहरिए वा संरचना निर्माणस्थल प्राविधिक दृष्टिकोणले अनुपयुक्त ठहरिए वा उपदफा (१) बमोजिम आवश्यक न्यूनतम योग्यता पुरा नगरेको यकिन भएमा सो प्रस्ताव रद्द हुनेछ।

८. **भुक्तानी प्रक्रिया** : (१) अनुदान रकमको भुक्तानी प्रक्रिया देहाय बमोजिम गरिनेछ :-

(क) अनुदानग्राही गुठी तथा मन्त्रालय बीच कार्ययोजना र खरिद निर्माणका स्पष्ट आधारमा अनुसूची-६ बमोजिमको ढाँचामा द्विपक्षीय सम्झौता गरी कार्यक्रम सञ्चालन गरिनेछ।

(ख) कार्ययोजनामा तोकिएको क्रियाकलापको कार्यसम्पन्नता पश्चात भुक्तानी दिने पद्धति (Post Paid payment system) अनुसार रकम भुक्तानी हुनेछ।

(ग) सम्झौतामा उल्लेख गरिएको अवधि भित्र कार्यसम्पन्न गरी सक्नु पर्नेछ।

तर उल्लेखित अवधि भित्र कुनै काबु बाहिरको

परिस्थितिका कारण कार्य सम्पन्न गर्न नसक्ने भएमा सो विषय उल्लेख गरी म्याद समाप्त हुनुभन्दा ७ दिन अगाडि म्याद थपको आवेदन दिनु पर्नेछ। म्याद थप सम्बन्धमा मन्त्रालयको अन्तिम निर्णय हुनेछ।

(घ) छनौटमा परेको संस्थाले कामको प्रगतिको आधारमा सो को आर्थिक तथा प्राविधिक प्रतिवेदन सहितको फोटो, बिल भर्पाई आदि पेश गरी सकेपछि रकम भुक्तान गरिनेछ ।

(ङ) अनुदानग्राहीको निवेदन, आवश्यक सिफारिस, अनुगमन प्रतिवेदन तथा समितिको निर्णयका आधारमा बढीमा तीन किस्तामा रकम उपलब्ध गराइनेछ। यसो गर्दा प्रस्तावकले अनुदान रकम बराबरको लगानी प्रस्तावित कार्यक्रममा गरिसकेको हुनु पर्नेछ।

(च) अनुदान रकम प्राप्त गरी सके पछि तीन वर्षसम्म वार्षिक लेखा परीक्षण प्रतिवेदन आर्थिक वर्ष सम्पन्न भएको पौष मसान्तसम्ममा मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(छ) अनुदान रकमवाट जग्गा, मूर्ती, गरगहना लगायतका वस्तु खरिद गर्न पाइने छैन।

(२) मन्त्रालयले मूल्याङ्कनबाट संलग्न कागजातहरु जाँच गरी प्राविधिकको सिफारिसको आधारमा अनुदान रकम भुक्तानी गर्नेछ। भुक्तानी गर्दा प्रचलित कानून बमोजिम कर कट्टी तथा अत्यावश्यक परेमा नियमानुसार कन्टिनजेन्सी कट्टा गरी अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण कार्यमा प्रयोग गर्न सकिनेछ।

## परिच्छेद-४
## <u>समिति सम्बन्धी व्यवस्था</u>

९. **<u>समितिहरुको गठन</u>** : (१) यस कार्यक्रम सञ्चालनको लागि नीतिगत व्यवस्था तथा समस्या समाधान सम्बन्धमा आवश्यक निर्देशनका लागि देहाय बमोजिमको निर्देशक समिति गठन हुनेछ :-

| | | | |
|---|---|---|---|
| (क) | मन्त्री | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | अध्यक्ष |
| (ख) | सचिव | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| (ग) | प्रमुख | भूमि व्यवस्था महाशाखा | सदस्य सचिव |

(२) निर्देशक समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) यस कार्यक्रम सञ्चालन विधि बमोजिमको कार्यक्रम सञ्चालनको लागि मूल्याङ्कन तथा सिफारिस समितिबाट मूल्याङ्कन भई प्राप्त प्रस्तावहरुको स्वीकृतिका लागि देहाय बमोजिमको अनुदान व्यवस्थापन समिति गठन हुनेछ :-

| | | | |
|---|---|---|---|
| (क) | सचिव | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | अध्यक्ष |
| (ख) | प्रमुख | योजना तथा अनुगमन महाशाखा | सदस्य |
| (ग) | प्रमुख | खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा | सदस्य |
| (घ) | प्रमुख | पशुपन्छी विकास महाशाखा | सदस्य |
| (ङ) | प्रमुख | प्रशासन तथा सहकारी विकास महाशाखा | सदस्य |
| (च) | प्रमुख | भूमि स्रोत नक्साङ्कन महाशाखा | सदस्य |
| (छ) | प्रमुख | भूमि व्यवस्था महाशाखा | सदस्य सचिव |

(४) अनुदान व्यवस्थापन समितिले आवश्यकता अनुसार कुनै विषय विज्ञ, विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) अनुदान व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :-

(क) मूल्याङ्कन तथा सिफारिस समितिबाट मूल्याङ्कन भई आएका प्रस्तावहरु उपर छलफल गरी औचित्य हेरी स्वीकृतिको लागि मन्त्रालयमा सिफारिस गर्ने,

(ख) प्रस्तावमा उल्लेखित क्रियाकलापको लागि अनुदानको सीमा रकम सिफारिस गर्ने,

(ग) आवश्यकता अनुसार प्रस्ताव मूल्याङ्कनका आधारहरुको विस्तृतीकरण गर्ने,

(घ) कुनै वा सबै प्रस्ताव अस्पष्ट लागेको खण्डमा पुनःमूल्याङ्कन गर्नका लागि मूल्याङ्कन तथा सिफारिस समितिमा फिर्ता पठाउन सक्नेछ भने आवश्यकता अनुसार स्थलगत प्रमाणीकरण कार्य समेत गराउन सक्नेछ।

(६) यस कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको मूल्याङ्कन तथा सिफारिस समितिको गठन हुनेछः-

| | | | |
|---|---|---|---|
| (क) | प्रमुख | भूमि व्यवस्था महाशाखा | अध्यक्ष |
| (ख) | कानून अधिकृत | कानून तथा फैसला कार्यान्वयन शाखा | सदस्य |
| (ग) | प्रमुख | अनुगमन तथा मूल्याङ्कन शाखा | सदस्य |
| (घ) | प्रमुख | आर्थिक प्रशासन शाखा | सदस्य |
| (ङ) | प्रमुख | जग्गा प्रशासन शाखा | सदस्य सचिव |

(७) मूल्याङ्कन समितिले आवश्यकता अनुसार कुनै विज्ञ, विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(८) यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) गुठीहरुबाट प्राप्त भएका प्रस्तावहरुको मूल्याङ्कन तथा विश्लेषण गरी कार्यक्रम व्यवस्थापन समिति समक्ष पेश गर्ने,

(ख) मूल्याङ्कन गर्दा दफा ७ मा उल्लेख गरिएका बुँदा तथा अनुसूची-८ बमोजिमको मूल्याङ्कन मापदण्डको आधारमा गर्ने,

(ग) मूल्याङ्कनको क्रममा आवश्यकता अनुसार स्थलगत निरीक्षण तथा अनुगमन गर्ने/गराउने,

(घ) कार्यक्रम कार्यान्वयनमा गइसकेपछि त्यसको कार्य प्रगतिको अनुगमन तथा निरीक्षण गर्ने/गराउने।

## परिच्छेद-५

## अनुगमन र समन्वय

१०. **अनुगमन** : (१) अनुदान प्राप्त गुठीले गर्ने कार्यक्रमको अनुगमन मन्त्रालय, निर्देशनालय एवम् मातहतका सम्बन्धित केन्द्रहरुले संयुक्त रुपमा वा आवश्यकता अनुसार छुट्टा छुट्टै गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम भएको अनुगमन र निर्देशनको लिखित प्रतिवेदन तयार गरी कार्यालयमा सुरक्षित अभिलेख राख्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ।

११. **समन्वय** : मन्त्रालयले गुठीलाई संरचनात्मक सहयोग कार्यक्रम सञ्चालन गर्न सरोकारवाला नेपाल सरकारका निकाय, प्रदेश सरकारका निकाय र सम्बन्धित स्थानीय तहबीच समन्वय गर्नेछ।

## परिच्छेद-६

## विविध

१२. **सार्वजनिक परीक्षण** : यस कार्यक्रम सञ्चालन विधि बमोजिम कार्यक्रम सम्पन्न भएपछि अनुदानग्राहीले स्थानीय तहका प्रतिनिधिहरु, सरोकारवाला निकाय तथा कार्यक्रमबाट प्रभावित जनसमुदायलाई कार्यक्रम सञ्चालन भएका स्थानमा भेला गराई कार्यक्रमको आम्दानी तथा खर्च, निर्मित संरचना र खरिद गरिएको वस्तुको सार्वजनिकीकरण गर्नु पर्नेछ।

१३. **कारवाहीको व्यवस्था** : कार्यक्रम सञ्चालन गर्दा मन्त्रालय र अन्तर्गतका निकायहरुले दिएका निर्देशन तथा जारी गरेका प्रचलित ऐन, नियम तथा नीतिहरुको पालना गर्नु पर्नेछ। सम्झौता बमोजिमको कार्य नभएको खण्डमा प्रचलित नियमानुसार कारवाही हुनेछ। राजगुठीको हकमा गुठी संस्थानसँग परामर्श गर्न सकिनेछ ।

१४. **बाधा अड्चन निरुपण एव संशोधनः** (१) कार्यक्रम सञ्चालनको क्रममा कुनै द्विविधा भएमा वा विवाद उत्पन्न भएमा मन्त्रालयको व्याख्या अन्तिम हुनेछ।

(३) मन्त्रालयले यस कार्यक्रम सञ्चालन विधिमा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

## अनुसूची-१

(दफा ६ को खण्ड (ग) सँग सम्बन्धित)

१. गुठी दर्ताको प्रमाणपत्रको प्रतिलिपि

२. गुठीको स्थायी लेखा नं.प्रमाण-पत्रको प्रतिलिपि

३. पछिल्लो तीन आ.व.को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि

४. गत आ.व.को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

५. सञ्चालकहरू तथा सञ्चालक समितिको अध्यक्ष/मठाधीसको व्यैयक्तिक विवरण

६. संचालक समिति/मठाधीसको प्रतिवद्धता-पत्र

७. राजगुठी भए गुठी संस्थानबाट र अन्य गुठी भए स्थानीय तहको सिफारिस पत्र

८. गुठी संचालक समिति/मठाधीसको निर्णयको प्रतिलिपि

९. गुठीले गर्ने कार्यक्रमको कार्ययोजना र प्रस्तावना सहितको निवेदन

१०. कार्यक्रम सञ्चालनका लागि पर्याप्त जग्गाको विवरण खुल्ने कागजात

११. सम्पर्क व्यक्तिको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि र सम्पर्क नम्बर

१२. संरचना निर्माण खर्चको पचास प्रतिशत रकम गुठीको तर्फबाट लगानी गर्ने प्रतिवद्धता-पत्र।

## अनुसूची-२

(दफा ४ सँग सम्बन्धित)

**<u>सूचनाको ढाँचा</u>**

प्रथम पटक प्रकाशित मिति......................................

यस मन्त्रालयको आ.व.................को वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रदेश नं. ५ अन्तर्गतका केही गुठीहरुलाई मन्त्रालयको बजेट भित्र रही संरचनागत सहयोग कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकाले ईच्छुक गुठीबाट वा गुठीले अन्य निकायको साझेदारीमा ५० प्रतिशत र मन्त्रालयबाट ५० प्रतिशत वा बढीमा रु.................. अनुदान भित्र रही लगानी साझेदारी कार्यक्रमका लागि यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस मन्त्रालयमा प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, कार्यक्रम प्रस्तावको प्रारुप, संलग्न गर्नुपर्ने कागजात तथा मापदण्डको विवरण यस मन्त्रालयको Website: molmac.p5.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

## अनुसूची-३

(दफा ६ को खण्ड (क) सँग सम्बन्धित)

## आवेदन-पत्रको ढाँचा

श्रीमान् सचिवज्यू,
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
प्रदेश नं ५, रूपन्देही।

विषयः गुठीको संरचनागत सहयोगका लागि अनुदान सम्बन्धमा।

महोदय,

हाम्रो ...................................गुठी संस्थाबाट .................. जिल्ला, ........................म.न.पा./उप–म.न.पा./न.पा/.गा.पा.,.....वडा नं ....अन्तर्गत .................. संरचना बनाएर आयमूलक/ रोजगारमूलक/उत्पादकमूलक/गुठीको सुरक्षा प्रदान गर्ने कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेकोले सोका लागि अनुमानित लागत रकमको रु....................मध्ये रु .................. गुठीको तर्फबाट व्यहोरी बाँकी रकम रु.....................अनुदान पाउने व्यवस्थाका लागि सूचनामा उल्लेखित कागजातहरु संलग्न राखी यो आवेदन पेश गरेका छौं।

निवेदकको

नामः
पदः
दस्तखतः
ठेगानाः
सम्पर्क नं.:
गुठीको नामः
गुठीको छापः

## अनुसूची-४

(दफा ६ को खण्ड (क) सँग सम्बन्धित)

## व्यावसायिक योजनाको ढाँचा

१.परिचयात्मक विवरणः

| | |
|---|---|
| गुठी संस्थाको नामः | |
| ठेगानाः | |
| संस्थाको अध्यक्षको नामः | |
| अध्यक्षको फोन नं. | |
| आवेदक व्यक्ति/समूहको नामः | |
| आवेदकको फोन नं. | |
| संस्था दर्ता नं. र मितिः | |
| संस्था दर्ता भएको कार्यालयको नामः | |

२.गुठी/संस्थाको किसिम : ......................

३ गुठी संस्थाको स्थापना भएको वर्ष...........................

४.प्रस्तावित कार्यक्रमको नाम :-

५. योजना सञ्चालनको लागि जग्गाको विवरण: ....................विघाह /रोपनी तथा .........कठ्ठा क्षेत्रफल

६. जग्गा भाडामा लिएको भए: ...............................वर्षको सम्झौता भएको

७. आयोजना सञ्चालानको उद्देश्य ..........................................

८. उद्यम/व्यवसाय सञ्चालनको मुख्य मुख्य क्रियाकलापहरु :-

| सि.नं. | क्रियाकलाप | ईकाई | परिमाण | दर | कूल लागत | अनुदान माग | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाधार विकास | | | | | | गुरुयोजना नक्शा डिजाइन लागत अनुमान |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.१ | | | | | | | संलग्न राख्ने। |
| १.२ | | | | | | | |
| | | | | | | | |
| २ | औजार उपकरण | | | | | | लागत अनुमान वा कोटेसन संलग्न राख्ने। |
| २.१ | | | | | | | |
| २.२ | | | | | | | |
| | | | | | | | |
| ३ | सञ्चालन खर्च (उत्पादन सामग्री) | | | | | | बढीमा १० प्रतिशतसम्म। |
| ३.१ | | | | | | | |
| | | | | | | | |

९. अनुदानग्राहीको लगानीको श्रोत व्यवस्थापन गर्ने

आधारः-.........................................

१०. आयोजनाले पार्ने सकरात्मक प्रभावः

...................................................................

.........................................................................................................

.........११. आयोजना सञ्चालन पश्चात लाभान्वित हुने अनुमानित जनसङ्ख्या

.....................................

१२. आवेदक गुठी संस्थाको पुँजीको विवरणः

| कूल पुँजी | बैङ्क मौज्दात | अन्य कोष |
|---|---|---|
| | | |
| | | |

१३. सडक सुविधा छ वा छैन........... छ भने सडकको किसिम.......................
१४.आयोजना सञ्चालन स्थलमा विद्युतको व्यवस्था छ वा छैन ..............................
१५. आयोजना सञ्चालन गर्न सक्ने आवश्यक जनशक्ति छ ☐ वा छैन ☐

यदि छ भने अनुभव वर्ष.................

यदि छैन भने कसरी व्यवस्थापन गर्नु हुन्छ.....................................................

१६. प्रस्तावित कार्यक्रम सञ्चालन गर्ने स्थानको वातावरणीय अवस्था

| क.स. | विवरण | पर्छ | पर्दैन | कैफियत |
|---|---|---|---|---|
| १ | वन जङ्गल/वन्यजन्तु/अन्य प्राकृतिक स्रोतहरु | | | |
| २ | जलाशय (नदी, तलाउ, पोखरी) | | | |
| ३ | राष्ट्रिय निकुञ्ज/संरक्षित क्षेत्र | | | |
| ४ | पानीको मुहान | | | |
| ५ | पुरातात्विक क्षेत्र/धार्मिक क्षेत्र/मन्दिर | | | |
| ६ | वातावरणीय प्रभाव मूल्याङ्कन | | | |

१७. आयोजना सञ्चालनका जोखिमहरु के छन्? यदी भए समाधानका उपायहरु के के हुन सक्छन्?

-
-
-

१८. गुठीमा वार्षिक दर्शनार्थी संख्या र आगमन स्थान सम्बन्धी विवरण :

१९. गुठीको सम्पत्ति :

१९.१ नगद बैंक मौज्दात :.......................

१९.२ जिन्सी मालसामान : ............................

१९.३ भवन तथा अन्य पूर्वाधार भवन गोदाम तथा अन्य : ..........................

२०. हरेक वर्ष सञ्चालन हुने धार्मिक मेला महोत्सव संख्याः

२१. गत ३ वर्षमा भएको आम्दानीको विवरण :

२२. दैनिक कार्य सञ्चालनको लागि खर्चको श्रोतः भेटी वा चन्दा ☐, गुठीको आम्दानी☐ वा व्यक्तिगत दान ☐

२३. प्रस्तावित योजनाको गुरुयोजना (डिपिआर) तयर भएको छ छैन। छ भने संलग्न राखे।

२४. कार्यक्रम सम्बन्धी संक्षिप्त विवरण

२४.१. आवश्यकता र औचित्य

२४.२ आयोजना सञ्चालन हुने स्थान

२४.३.आयोजनाबाट उत्पादन हुने वस्तुको सूची

२४.४ आयोजनाका लागि चाहिने वस्तुको उत्पादित क्षेत्र/स्थान/उत्पादक

२४.५ आयोजनाले समेट्ने क्षेत्र र लाभान्वित जनसंख्या र रोजगारी सम्बन्धी विवरण

२४.६. संरचनाको अवस्था र नक्सा सहित

२४.७ आयोजना सञ्चालनमा लाग्ने अनुमानित खर्च

क. चालु खर्च : ..........................................

ख. पूर्वाधार विकास खर्च : .............................

ग. यन्त्र उपकरण खरिद : ................................

२४.८ बजारीकरण योजना

(क) बजारको विकास र बजारीकरणको रणनीति : ..................................

(ख) लक्षित बजार र ग्राहक : ..........................................................

(ग) बजारका मुख्य विशेषताहरु : ......................................................

(घ) बजारमा उपलब्ध अवसरहरु : .....................................................

(ङ) बजार विकासका चुनौतीहरु : .......................................................

२५. लाभ लागत सम्बन्धी विवरण: कति वर्षमा नाफामा जाने हो

## अनुसूची-५

(दफा ६ को (घ) सँग सम्बन्धित)

**<u>प्रतिवद्धता-पत्रको ढाँचा</u>**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको मिति ................मा प्रकाशित सूचना अनुसार गुठीका लागि संरचनागत सहयोग अनुदानको व्यवस्था गरिए अनुसार उक्त अनुदान प्राप्त गर्न इच्छुक भई सो कार्यक्रममा सहभागिताका लागि कार्य योजना सहितको आवेदन पेश गरेका छौं। उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भए बमोजिम कार्य गर्ने गरी घटीमा पाँच वर्षसम्म निरन्तरता दिनेछौं। कार्ययोजना अनुसारको कार्य नगरेमा वा तोकिएको अवधि भन्दा अगावै सो कार्य बन्द गरेमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई अनुदान रकम फिर्ता गर्नेछौं। अन्यथा प्रचलित ऐन कानून बमोजिम सहुँला/बुझाउँला।

गुठीको नामः
ठेगानाः
दस्तखतः
मितिः
गुठीको छापः

इति सम्वत् २०..........गते............. रोज ..... शुभम् ।

## अनुसूची-६

(दफा ७ को उपदफा (१) को खण्ड (छ) सँग सम्बन्धित)

**स्थलगत प्रमाणीकरण फारामको ढाँचा**

१.परिचयात्मक विवरणः

| | |
|---|---|
| गुठी संस्थाको नामः | |
| ठेगानाः | |
| संस्थाको अध्यक्षको नामः | |
| अध्यक्षको फोन नं. | |
| आवेदक व्यक्ति/समूहको नामः | |
| आवेदकको फोन नं. | |
| संस्था दर्ता नं.र मितिः | |
| संस्था दर्ता भएको कार्यालयको नामः | |

२. गुठी संस्थाको किसिम : .......................

३ गुठी संस्थाको स्थापना भएको वर्ष : ............................

४.प्रस्तावित कार्यक्रमको नाम :- ................................................

५. योजना सञ्चालनको लागि जग्गाको विवरण: .....................विघा /रोपनी तथा .........कठ्ठा क्षेत्रफल

६. जग्गा भाडामा लिएको भए: ...............................वर्षको सम्झौता भएको

७. आयोजना सञ्चालानको उद्देश्य ..........................................

८. उद्यम/व्यवसाय सञ्चालनको मुख्य मुख्य क्रियाकलापहरु :-

| सि.नं. | क्रियाकलाप | ईकाई | परिमाण | दर | कूल लागत | अनुदान माग | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाधार विकास | | | | | | गुरुयोजना नक्शा डिजाइन लागत अनुमान संलग्न राख्ने। |
| १.१ | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.२ | | | | | | | |
| | | | | | | | |
| २ | औजार उपकरण | | | | | | लागत अनुमान वा कोटेसन संलग्न राख्ने। |
| २.१ | | | | | | | |
| २.२ | | | | | | | |
| | | | | | | | |
| ३ | सञ्चालन खर्च (उत्पादन सामग्री) | | | | | | बढीमा १० प्रतिशतसम्म। |
| ३.१ | | | | | | | |
| | | | | | | | |

९. अनुदानग्राहीको लगानीको श्रोत व्यवस्थापन गर्ने आधारः-........................ .........

१०. आयोजनाले पार्ने सकरात्मक प्रभावः

.....................................................................

.................................................................................................

.........११. आयोजना सञ्चालन पश्चात लाभान्वित हुने अनुमानित जनसङ्ख्या

.....................................

१२. आवेदक गुठी संस्थाको पुँजीको विवरणः

| कूल पुँजी | बैङ्क मौज्दात | अन्य कोष |
|---|---|---|
| | | |
| | | |

१३. सडक सुविधा छ वा छैन............ छ भने सडकको किसिम............................

१४.आयोजना सञ्चालन स्थलमा विद्युतको व्यवस्था छ वा छैन ...............................

१५. आयोजना सञ्चालन गर्न सक्ने आवश्यक जनशक्ति छ ☐ वा छैन ☐

यदि छ भने अनुभव वर्ष.................

यदि छैन भने कसरी व्यवस्थापन गर्नु हुन्छ........................

१६. प्रस्तावित कार्यक्रम सञ्चालन गर्ने स्थानको वातावरणीय अवस्था

| क.स. | विवरण | पर्छ | पर्दैन | कैफियत |
|---|---|---|---|---|
| १ | वन जङ्गल/वन्यजन्तु/अन्य प्राकृतिक स्रोतहरु | | | |
| २ | जलाशय (नदी, तलाउ, पोखरी) | | | |
| ३ | राष्ट्रिय निकुञ्ज/संरक्षित क्षेत्र | | | |
| ४ | पानीको मुहान | | | |
| ५ | पुरातात्विक क्षेत्र/धार्मिक क्षेत्र/मन्दिर | | | |
| ६ | वातावरणीय प्रभाव मूल्याङ्कन | | | |

१७. आयोजना सञ्चालनका जोखिमहरु के छन्? यदी भए समाधानका उपायहरु के के हुन सक्छन्?

-
-
-

१८. गुठीमा वार्षिक दर्शनार्थी संख्या र आगमन स्थान सम्बन्धी विवरण

१९. गुठीको सम्पत्ति

१९.१ नगद बैंक मौज्दात

१९.२ जिन्सी मालसामान

१९.३ भवन तथा अन्य पूर्वाधार भवन गोदाम तथा अन्य

२०. हरेक वर्ष सञ्चालन हुने धार्मिक मेला महोत्सव संख्या :

२१. गत ३ वर्षमा भएको आम्दानीको विवरण :

२२. दैनिक कार्य सञ्चालनको लागि खर्चको श्रोतः भेटी वा चन्द☐, गुठीको आम्दानी ☐ वा व्यक्तिगत द☐

२३. प्रस्तावित योजनाको गुरुयोजना (डिपिआर) तयर भएको छ छैन? छ भने संलग्न राख्ने।

२४. प्रताव पेश गर्दा भरिएको विवरणहरुको सम्बन्धमा

(क) दुरुस्त पाईएको

(ख) सामान्य फरक देखिएको

(ग) फारममा पेश गरेको विवरणहरु धेरै फरक परेको (तथ्यमा आधारित नभएको): यस्तो अवस्थामा स्थलगत मूल्याङ्कन टोलीले के के विषयहरुमा कमि कमजोरी पाईएको हो सो कुरा खुलाउनु पर्नेछ र यस्तो प्रस्ताव मूल्याङ्कनमा समावेश हुने छैन।

२५. सिफारिस

उक्त कार्यक्रम प्रस्तावकोस्तरको बारेमा निश्कर्ष:

| सि.नं. | गुणस्तर | कारण* |
|---|---|---|
| १ | अति उत्तम | |
| २ | उत्तम | |
| ३ | मध्यम | |
| ४ | सामान्य | |
| ५ | अनुदान प्रयोजनको लागि अयोग्य | |

*कार्यक्रमसँग सम्बन्धित कुनै कागजात, स्थानीय समुदायसँग भएको वार्तालापको विवरण, कार्यक्रमसँग सम्बन्धित फोटो, भिडियो क्लिप आदि समेत समावेश गर्न सकिनेछ।

स्थलगत प्रमाणीकरण गर्नेको विवरण

| | |
|---|---|
| नाम थरः | नाम थरः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

## अनुसूची-७

(दफा ८ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित)

**<u>सम्झौता-पत्रको ढाँचा</u>**

श्री भूमी व्यवस्था महाशाखा मार्फत सञ्चालन गरिने आ.व ............ .को गुठीका लागि स्वीकृत संरचनागत सहयोग कार्यक्रम सहयोग सञ्चालन गर्न श्री ......... ..................... (यस पछि पहिलो पक्ष भनिने) र विशिष्टताका आधारमा छनौट भएका गुठी श्री ............................................ (यस पछि दोस्रो पक्ष भनिने) बीच तपसिलका शर्तमानहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता र सहमति भएको छ।

१. यो सम्झौता पत्र श्री ............................................................. (प्रथम पक्ष) र श्री...................................................... (दोस्रो पक्ष) बीच गुठीको संरचनागत सहयोग कार्यक्रम सञ्चालनका लागि प्रयोग हुनेछ।
२. सम्झौता भएको मितिदेखि यो सम्झौता प्रारम्भ भएको मानिनेछ।
३. दोस्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले पन्द्र दिन भित्र शुरु गर्नु पर्नेछ।
४. गुठीका लागि संरचनागत सहयोग कार्यक्रम सञ्चालनका लागि प्रथम पक्षले दोस्रो पक्षलाई कार्यक्रमको स्वीकृत अनुदान सम्झौता बमोजिम दफा ५ को उपदफा (५) बमोजिमको भुक्तानी प्रक्रिया अनुसार एकाउन्ट पेयी चेकबाट भुक्तानी हुनेछ।
५. स्वीकृत अनुदान रकम भुक्तानी दिदा कार्यक्रम कार्यन्वयन समितिको सिफारिसको आधारमा गरिनेछ। दोस्रो पक्षले कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम कार्यान्वयन समितिको निर्देशन अनुसार कार्य गर्नु ।मन्त्रालयले उपलब्ध गराउने अनुदान रकम संलग्न अनुसूची अनुसारको काममा मात्र खर्च गर्न सकिनेछ र तोकिएको समयाबधिभित्र सम्नपन्न गरी भुक्तानी समेत माग गर्न पर्नेछ । अन्यथा भुक्तानी नभई हानी नोक्सानी पर्न गएकोमा मन्त्रालय जवाफदेही हुनेछैन ।
६. सम्झौता बमोजिम रकम भुक्तानी गर्ने सम्बन्धमा मूल्याङ्कनका लागि लागत अनुसारको बिल सहित कार्य सम्पन्न प्रतिवेदन तयार गरी दोस्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नु पर्नेछ र प्रथम पक्षले सम्पूर्ण प्रतिवेदन तथा बिलहरु प्राप्त भएको सात दिन भित्र भुक्तानीको आवश्यक व्यवस्था मिलाउनेछ। आवश्यक कागजात दफा ८ अनुसार हुनेछ।
७. गुठी संरचनागत कार्यक्रम सुरु भए पश्चात उक्त कार्यक्रमको स्याहार सम्भारको

जिम्मेवारी दोस्रो पक्षले लिनु पर्नेछ।

८. यस सम्झौता बमोजिम अनुदान प्राप्त गरी कार्यक्रम सञ्चालन गर्ने सिलसिलामा कुनै दुर्घटना वा भवितव्य हुन गई जनधनको क्षति भएको खण्डमा सो घटनाको जिम्मेवारी दोस्रो पक्षले लिनु पर्नेछ। सम्झौता मुताविकका कार्य नभएमा वा उपलब्ध स्रोतको दुरुपयोग भएको पाईएमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फी रुपमा सम्झौता भङ्ग गरी दोस्रो पक्षबाट दुरुपयोग भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ।

९. प्रथम पक्षका तर्फबाट कुनै पनि समयमा हुने कार्यक्रमको निरीक्षण र अनुगमन, तालिम भ्रमणमा सहयोग गर्नु दोस्रो पक्षको दायित्व हुनेछ।

| | |
|---|---|
| .............................. | ................................. |
| प्रथम पक्षका तर्फबाट | दोस्रो पक्षका तर्फबाट |
| नामः | नामः |
| पदः | पदः |

साक्षीहरु

## अनुसूची-८

(दफा ७ को उपदफा (१) को खण्ड (ग) सँग सम्बन्धित)

**<u>मूल्याङ्कनको आधार</u>**

१. गुठीको नाम:

२. ठेगाना :

३. सम्पर्क व्यक्तिको नाम:

४. सम्पर्क नं.:

५. लगानी छनौटका लागि उपक्षेत्रको विषय:

| क्र.सं. | मूल्याङ्कनको आधार सूचक | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | **प्रस्तावित कार्यक्रमको व्यावसायिक योजना** | **१०** | | |
| १.१ | पहिलो वर्षमा नै आम्दानी वृद्धि गर्ने भएमा | १० | | |
| १.२ | २ वर्ष भित्र नै आम्दानी गर्ने भएमा | ८ | | |
| १.३ | ३ वर्ष वा सो भन्दा आम्दानी गर्ने भएमा | ६ | | |
| २ | **गुठीको सक्रियता** | **१०** | | |
| २.१ | मेला पर्व आयोजना र सहभागिता (वार्षिक एक मेला सञ्चालन गर्नेलाई एक अङ्कको दरले बढीमा ३ अङ्क) | ३ | | |
| २.२ | दर्ता नवीकरण गरेको | २ | | |
| | दर्ता नवीकरण नगरेको | १ | | |
| २.३ | सञ्चालक समितिको नियमित निर्वाचन/पुनर्गठन गर्ने गरेको | २ | | |
| | सञ्चालक समितिको नियमित निर्वाचन/पुनर्गठन नगरेको | १ | | |
| २.४ | गुठीबाट सामाजिक, धार्मिक, मानवसेवा काममा खर्च/सहयोग गरेको (वार्षिक १ लाख वा सो भन्दा कम सहयोग गरेकोलाई १ अङ्क, १-३ लाख सम्म २ अङ्क, ३ लाख भन्दा बढि ३ अङ्क) | ३ | | |
| ३ | **गुठीको आर्थिक पारदर्शिता** | **१०** | | |
| ३.१ | नियमित लेखा परीक्षण र कोषको राम्रो सदुपयोग गर्ने गरेको | ५ | | |
| | लेखा परीक्षण नगरेको तर कोषको संरक्षण/सदुपयोग भएको | ३ | | |
| ३.२ | सामाजिक परीक्षण/सार्वजनिक सुनुवाई/भेला वार्षिक रुपमा नियमित हुने गरेको | ५ | | |

| | | | | |
|---|---|---|---|---|
| | सामाजिक परीक्षण/सार्वजनिक सुनुवाई/भेला नियमित नगरेको | २ | | |
| ४ | **निर्माण हुने संरचनाको विवरण र प्राप्त हुने उपलब्धि** | **२०** | | |
| | नक्सा र लागत अनुमान सहितको DPR तयार भएको | २० | | |
| | नक्सा सहितको लागत अनुमान भए | १५ | | |
| | लागत अनुमान मात्र भएको | १० | | |
| **५** | **जग्गाको उपयोग** | **५** | | |
| | २० रोपनी वा ३० कठ्ठा भन्दा बढी उत्पादनमूलक काममा उपयोग भएको | ५ | | |
| | १० देखि २० रोपनीसम्म वा १५ देखि ३० कठ्ठासम्म उत्पादनमूलक काममा उपयोग भएको | ३ | | |
| | १० रोपनी वा १५ कठ्ठा भन्दा कम उत्पादनमूलक काममा उपयोग भएको | २ | | |
| ६ | **संरचना निर्माणको कार्ययोजना** | **१०** | | |
| | स्थानीय सम्भाव्यतालाई तत्काल सम्बोधन गर्ने (उत्तम) | १० | | |
| | भविष्यमा स्थानीय सम्भाव्यतालाई उपयोगी हुने (मध्यम) | ७ | | |
| | स्पष्ट नखुलेको | ४ | | |
| ७ | **गुठीको सामाजिक र ऐतिहासिक महत्व** | **१०** | | |
| ७.१ | प्राचीनता | २ | | |
| | ५० वर्षभन्दा पुरानो गुठी (सरकारी कार्यालयमा दर्ता भए अनुसार) | २ | | |
| | ५० वर्षभन्दा नयाँ गुठी (सरकारी कार्यालयमा दर्ता भए अनुसार) | १ | | |
| ७.२ | धार्मिक महत्व (दर्शनार्थीहरुको सहभागिताको आधारमा) | ४ | | |
| | राष्ट्रियस्तरको महत्व भएको | ४ | | |
| | प्रदेश स्तरको महत्व भएको | ३ | | |
| | स्थानीयस्तरको महत्व भएको | २ | | |
| ८ | **आर्थिक/हितकोषको अवस्था** | **१०** | | |
| **८.१** | **गुठीको बैङ्क मौज्जात** | **५** | | |
| | कार्यक्रम सञ्चालन गर्न चाहिने पर्याप्त बैङ्क मौज्जात | ५ | | |
| | कार्यक्रम सञ्चालनको लागि तेस्रो पक्षबाट लगानी सुनिश्चितता | ३ | | |
| | कार्यक्रम सञ्चालनको लागि लगानी सुनिश्चितता नभएको | १ | | |
| ८.२ | **गुठीको दैनिक कार्य सञ्चालन** | **५** | | |

| | | | | |
|---|---|---|---|---|
| | गुठीको दैनिकी/प्रशासनिक खर्च आफ्नै स्रोतबाट व्यहोरेको | ५ | | |
| | स्थायी प्रकृतिको चन्दादाताको सहयोगमा सञ्चालन गरेको | ४ | | |
| | दर्शनार्थीहरुको चन्दा/भेटीबाट चलेको | ३ | | |
| ९ | भौतिक पूर्वाधार (सिंचाइ, सडक, विद्युत आदि)को उपलब्धता | १० | | |
| ९.१ | सडकको पहुँच भएको | ३ | | |
| | सडकको पहुँच नभएको | १ | | |
| ९.२ | विद्युत सुविधा भएको | २ | | |
| | विद्युत सुविधा नभएको | १ | | |
| ९.३ | खानेपानी/सिँचाईको सुविधा भएको | २ | | |
| | खानेपानी/सिँचाई सुविधा नभएको | १ | | |
| ९.४ | व्यवसायिक काम गर्नलाई आफ्नै भवन(सटर, कोठा, आदि) भएको | ३ | | |
| | व्यवसायिक काम गर्नलाई आफ्नै भवन(सटर, कोठा, आदि) नभएको | २ | | |
| १० | **भौगोलिक दृष्टिकोणले उपयुक्त** | ४ | | |
| | भौगोलिक जोखिम नरहेको (बाढी, पहिरो, भू-क्षय, आदि) | ४ | | |
| | भौगोलिक जोखिम रहेको (बाढी, पहिरो, भू-क्षय, आदि) | २ | | |
| ११. | **परियोजनाबाट हुने आय आर्जन (१ लाखको एक अङ्कको दरले ५ लाख वा सो भन्दा बढी आय आर्जन गर्नेलाई ५ अङ्क)** | ५ | | |
| | जम्मा | १०० | | |